सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको सातौं अधिवेशनको दोस्रो बैठकमा
२०८२ साल आषाढ १० गते मंगलबार,
उपाध्यक्ष श्री रत्नश्वरी राईले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/०८३ को
# बजेट बक्तव्य

सहिदभूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिप्ले, धनकुटा,
कोशी प्रदेश,नेपाल

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरु,**

१. सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको सातौं अधिवेशनको दोस्रो बैठकमा आर्थिक वर्ष २०८२/०८३ को आय व्यय प्रस्तुत गर्न पाउँदा हर्सित महसुस गरेको छु।

२. सर्वप्रथम म विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा नागरिकको अधिकार प्राप्तिका लागि साहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

३. आगामी आर्थिक वर्ष २०८२/०८३ को सहिदभूमि गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेटमा व्यवस्था गरेको छु।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं पञ्चवर्षीय योजना, कोशी प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्यका सूचकहरु, स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था, नेपाल सरकारबाट समय समयमा जारी गरेका आदेश तथा निर्देशनहरु तथा सहिदभूमि गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु।

५. बजेट निर्माणको क्रममा सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री र वातावरणमैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशा मुक्त तथा पूर्ण सरसफाई, पूर्वाधार विकास लगायतका अन्तरसम्बन्धित विषयहरूलाई समेत ध्यान दिएको छु।

६. वर्तमान अवस्थामा मुलुकको समग्र अर्थतन्त्रमा देखिएको असहज परिस्थितिका कारण चालु आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई

प्रदान हुने वित्तीय हस्तान्तरणको परिमाण उल्लेख्य रुपमा घटेर प्राप्त भएको छ। यसले चालु आर्थिक वर्षमा निर्धारित योजना तथा कार्यक्रम कार्यन्वयन गर्न वित्तीय श्रोतमा चाप परेको छ।

७. यद्यपी, **सुखी र समृद्ध सहिदभूमि** निर्माणका लागि उपलब्ध सीमित श्रोत र साधनहरुलाई सहिदभूमि बासीले आफ्ना प्रतिनिधिहरु मार्फत व्यक्त गर्नुभएको चाहना र माग अनुरुप गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रहरुमा केन्द्रित हुने गरी बजेट विनियोजनमा जोड दिएको छु।

८. बजेट निर्माणका क्रममा हामीलाई विभिन्न माध्यमबाट राय सल्लाह सुझाव प्रस्तुत गर्नुहुने आदरणीय गाउँबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु, निर्वाचित पदाधिकारीहरु, राजनीतिक दलका पदाधिकारीहरु, कर्मचारी वर्ग, सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारीज्यूहरु, नागरिक समाज, बुद्धिजिवी वर्ग, शिक्षक, पत्रकार लागायत सबै व्यक्तित्वहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँ सभा सदस्यज्यूहरु,**

९. अब म चालु आर्थिक वर्ष २०८१/८२ मा यस गाउँपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको लागि अनुमान गरिएको आय, व्यय र सो को प्रगति संक्षेपमा प्रस्तुत गर्दछु।

यस गाउँपालिकाको आन्तरिक आय रु. ७० लाख, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण तर्फ रु.८ करोड ५१ लाख, सशर्त अनुदान चालु तथा पूँजिगत गरी रु. २२ करोड २७ लाख ४७ हजार, विशेष अनुदान रु.९५ लाख, समपुरक अनुदान रु. १ करोड १० लाख र राजश्व बाँडफाँड तर्फ रु. ८ करोड ११ लाख तथा प्रदेश सरकार मार्फत समानीकरण अनुदान रु. ५० लाख ७३ हजार, शसर्त अनुदान तर्फ चालु र पूँजीगत गरी रु. १ करोड २९ लाख ७२ हजार, समपुरक अनुदान रु. ९७ लाख ५० हजार, राजश्व बाडफाँड तर्फ रु.

२५ लाख ११ हजार र गत आर्थिक वर्ष २०८०/०८१ को नगद मौज्दात रु. ४ करोड २७ लाख ५० हजार गरी कुल ४९ करोड ०१ लाख ३ हजार प्राप्त हुने आय प्रक्षेपण गरिएको थियो।

१०. चालु आर्थिक वर्ष २०८१/८२ को आषाढ ०९ गतेसम्म आन्तरिक आय रु. ४६ लाख ५ हजार ५ सय २७ रुपैयाँ, नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ७ करोड ८० लाख ८७ हजार ७ सय ६० रुपैंया, शसर्त अनुदान चालु र पूँजीगत गरी रु. २२ करोड ०६ लाख ९७ हजार रुपैयाँ, विशेष अनुदान रु. ९५ लाख, समपुरक अनुदान रु. ३० लाख, तथा प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान रु. ५० लाख ७३ हजार, शसर्त अनुदान चालु र पूँजिगत गरी रु. १ करोड ३१ लाख ७२ हजार, समपुरक अनुदान रु. ९७ लाख ५० हजार र राजश्व बाँडफाँड संघ र प्रदेशबाट रु. ६ करोड ६२ लाख २० हजार ३ सय ३५ रुपैयाँ र गत आर्थिक वर्ष को मौज्दात रु. ४ करोड २७ लाख १५ हजार ८ सय २७ रुपैयाँ गरी जम्मा रु. ४५ करोड २८ लाख २१ हजार ४ सय ४९ रुपैयाँ प्राप्त भएको छ। जुन प्रक्षेपित कुल बजेट रकमको ९२ प्रतिशत हो।

११. चालु आर्थिक वर्ष २०८१/८२ को आषाढ ०९ गतेसम्म चालु खर्च तर्फ रु. २४ करोड ९१ लाख ९५ हजार ५ सय ११ रुपैंया तथा पूँजीगत खर्च तर्फ रु ७ करोड ३३ लाख ६१ हजार ७ सय ६८ रुपैंया गरी जम्मा रु. ३२ करोड २५ लाख ५७ हजार २ सय ७९ रुपैंया खर्च भएको छ ।

१२. यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को आषाढ ०९ गतेसम्म खर्च प्रगति चालु खर्चतर्फ ७४.५१ प्रतिशत र पूँजिगत खर्चतर्फ ४७.१३ प्रतिशत खर्च भएको छ।

**आदरणीय सभाध्यक्षज्यू,**

**गाउँ सभा सदस्यज्यूहरु,**

१३. अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटको सोच, लक्ष्य, प्राथमिकताका क्षेत्रहरु र उद्देश्य प्रस्तुत गर्दछु।

क. सोचः **"सहिदभूमिको समृद्धि, शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"** मार्फत समुदायको स्थानीय सरकार प्रतिको पहुँच र अपनत्व बृद्धि गर्नु रहेको छ।

ख. लक्ष्यः पर्याप्त र दिगो ग्रामिण भैतिक पूर्वाधार विकास, कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि, शैक्षिक गुणस्तर सुदृढीकरण, पर्यटन प्रवर्द्धन एवम् पूर्वाधारको विकास, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्दै समृद्ध सहिदभूमि गाउँपालिकाको निर्माण गर्नु रहेको छ।

१४. साधनको सीमित उपलव्धताका कारण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लैजानु पर्ने वाध्यता भएकोले सालबसाली रुपमा आयोजनालाई प्राथमिकताका क्षेत्रहरूको पहिचान गरी सोही अनुरुप कार्यान्वयन गर्नु आजको आवश्यकता हो। सोही सिद्धान्त अनुरुप योजना तथा कार्यक्रमहरू छनौट गर्दा देहायका प्राथमिकताहरुको आधारमा योजना तथा कार्यक्रम तय गरेको छु।

**<u>प्राथमिकताहरु</u>**

(क) आर्थिक विकासका प्रमुख क्षेत्रहरु कृषि, सडक, पर्यटन, शिक्षा, स्वास्थ्य र खानेपानी लगायका क्षेत्र।

(ख) पूर्वाधारयूक्त, उत्पादनमुखी र बहुसंख्यक नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू।

(ग) स्वास्थ्य र शिक्षाको सर्वसुलभता र गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरू।

(घ) लक्षित समूदायलाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरू।

(ङ) आवधिक र गुरु योजनाले निर्दिष्ट मार्गदर्शन गरेका कार्यक्रमहरु।

(च) दिगो विकास लक्ष्य हासिल गर्न प्रत्यक्ष योगदान पुग्ने योजनाहरु।

(छ) आर्थिक र सामाजिक रुपले पछि परेको विपन्न दलित, जनजाति, सिमान्तकृत, बृद्धबृद्धा, बालबालिका, अपाङ्गता भएका नागरिक, युवालगायत लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने योजनाहरु।

(ज) अधुरा र क्रमागत योजनाहरू।

(झ) संस्थागत क्षमता सवलीकरण गर्न सहयोग हुने कार्यक्रमहरु।

(ञ) प्रत्यक्ष रोजगारी र छिटो प्रतिफल प्राप्त हुने योजनाहरु।

(ट) सामाजिक न्याय र सशक्तिकरणमा टेवा पुऱ्याउने योजनाहरु।

१५. अब म आगामी आर्थिक वर्षको बजेटले लिएका उद्देश्यहरु प्रस्तुत गर्दछु।

आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटले निम्नानुसारको उद्देश्यहरु लिएको छ।

## उद्देश्यहरु

क. आर्थिक विकासका संवाहक कृषि, सहकारी, पशु, पर्यटन, पूर्वाधार लगायतका क्षेत्रको विकास मार्फत नागरिकले अनुभूत गर्ने गरी परिवर्तन गर्ने,

ख. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य र सम्मानित श्रम तथा रोजगारका माध्यमबाट समृद्ध सहिदभूमि निर्माण गर्ने,

ग. सामाजिक समावेशीकरण मार्फत सीमान्तीकरण र वञ्चितीकरणमा परेका लिङ्ग, समुदाय र भाषाको संस्कृतिको संरक्षण मार्फत समतामूलक सहिदभुमिको निर्माण गर्ने,

घ. सहिदभूमि गाउँपालिकाका पर्यटकीय क्षेत्रको पहिचान विकास र प्रवर्द्धन गर्ने,

ङ. सबै वडा कार्यालयहरूलाई बाह्रै महिना यातायात चल्न सक्ने गरी सडक संजालको प्रवन्ध गर्ने,

च. गाउँपालिका भित्रका विद्यालयहरुका जीर्ण पूर्वधारलाई नयाँ पूर्वाधारले विस्थापित गर्ने,

छ. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सबै सामुदायिक विद्यालयलाई सूचना प्रविधिको प्रयोगमार्फत नियमनको दायरामा ल्याउने,

ज. स्थानीय स्रोत, साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन र उद्यमशीलता विकास प्रवर्द्धन गर्ने,

झ. गाउँपालिकामा स्वास्थ्य संस्थालाई सुविधासम्पन्न र प्राविधिक क्षमतायुक्त बनाउँदै लैजाने,

ञ. सबैलाई स्वच्छ पिउने पानी पुर्याउने अवधारणाअनुसार सबै वडा, टोल, बस्तीमा खानेपानी पुग्ने गरी पूर्वाधारको प्रवन्ध गर्ने,

ट. सहिदभूमिलाई पूर्ण सरसफाइयुक्त गाउँ, बालमैत्री र वातावरणमैत्री गाउँको रूपमा रूपान्तरण गर्ने,

ठ. राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद नारालाई सार्थक तुल्याउन गाउँस्तरमा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने, खेल मैदानको स्तरोन्नति र विकास गर्ने,

ड. गाउँपालिकाको संस्थागत सुदृढीकरण र विकासमार्फत सेवा प्रवाहमा सुधार ल्याई सुशासन प्रवर्द्धन गर्ने।

१६. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन पश्चात निम्न **अपेक्षित उपलब्धीहरु** हाँसिल हुने अपेक्षा गरेको छु।

(क) भौतिक पूर्वाधारको विकासबाट यातायातको सुविधामा वृद्धि भई नागरिकको जीवनस्तर सहज बन्नेछ।

(ख) कृषि र पर्यटनको विकासका माध्यमबाट रोजगारीको अवसरमा वृद्धि हुनेछ।

(ग) आधारभूत स्वास्थ्य सुविधामा नागरिकको पहुँच वृद्धि भएको हुनेछ।

(घ) शैक्षिक क्षेत्रहरूमा गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुनेछ।

(ङ) विकासका लाभहरूको समन्यायिक बाँडफाँटमार्फत सामाजिक न्यायमा टेवा पुग्नेछ।

(च) पर्यटकीय गाउँको रूपमा रूपान्तरीत हुनेछ।

(छ) स्वच्छ खानेपानीको उपलब्धतामा वृद्धि हुनेछ।

(ज) बालमैत्री र पूर्ण सरसफाईयुक्त गाउँ हुनेछ।

(झ) आर्थिक र मानवीय गरिबीको न्यूनीकरण हुँदै जानेछ।

(ञ) समग्र खेल क्षेत्रको विकासमार्फत युवाहरूको खेल प्रतिको आकर्षणमा बढोत्तरी हुनेछ।

(ट) संस्थागत सवलिकरणमार्फत सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि हुनेछ।

**आदरणीय सभाध्यक्षज्यू,**

**गाउँसभासदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा क्षेत्रगत शाखागत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**कृषि विकास तर्फः**

१. "हेल्लो कृषि सेवा" कार्यक्रम मार्फत कृषकहरुको घरदैलो कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२. **"खोकु स्थानीय जातको सुन्तला संरक्षण प्रवर्द्धन कार्यक्रम"** अन्तर्गत ५० प्रतिशत मुल्य छुट अनुदानमा कृषकहरुको मागका आधारमा खोकु स्थानीय जातको सुन्तलाको बिजु-विरुवा वितरण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

३. किसानलाई आधुनिक प्रविधि तथा उपकरणको पहुँचमा ल्याई कृषि कार्यलाई सजिलो, व्यवसायिक र उत्पादनमुखी बनाउने लक्ष्य अनुरुप ५० प्रतिशत मूल्य छुट अनुदानमा डिजेल ईन्जिन मिनिटिलर र विद्युतीय चार्जर स्प्रेयर बितरण कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु।

४. दिगो, सन्तुलित र पर्यावरणमैत्री कृषि विकासका लागि जैविक/प्राङ्गारिक/कम्पोष्ट मल बनाउने तालिम ७ वटै वडाहरुमा सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५. वागवानी विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत मुल्य छुट अनुदानमा गोलभेडा, खुर्सानी तथा उन्नत जातको माल्दह आँप/लिचिका विरुवा वितरण कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु।

६. गाउँपालिकामा स्तरीय निःशुल्क माटो परीक्षण गर्न, विषादीको प्रभाव मूल्याङ्कन तथा घुम्ती बाली उपचार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७. कृषि क्षेत्रको समग्र विकासको **लागि रु. ३०** लाख विनियोजन गरेको छु।

**पशुपंक्षी विकास तर्फः**

१."हेल्लो पशु सेवा" कार्यक्रम मार्फत कृषकहरुको घरदैलो कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२. व्यवसायिक पशु फर्म प्रवर्द्धन कार्यक्रम, गोठ/खोर निर्माण तथा सुधार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३.बंगुर प्रवर्द्धन कार्यक्रम, पशुपालक कृषकहरुको क्षमता विकास कार्यक्रम तथा व्यवसायिक कृषक प्रोत्साहनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४. सुरक्षित तथा गुणस्तरीय मासु आपूर्ति सुनिश्चित गर्न ५० प्रतिशत लागत साझेदारीमा मासु पसल (फ्रेस हाउस) सुधार कार्यक्रम कार्यान्वयनका लागि रकम विनियोजन गरेको छु।

५. पशुहरुमा लाग्ने पशु रोग, विभिन्न महामारी, घातक रोग नियन्त्रण, रेविज रोग नियन्त्रण कार्यक्रम तथा औषधी वितरण कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६. व्यावसायिक पशुपालन कार्यक्रम प्रवर्द्धन तथा विस्तार गर्न तथा पशुहरुको नश्ल सुधार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७. पशुपन्छीहरुमा पौष्टिक आहार विस्तार गर्नका लागि आहार सेवा कार्यक्रम तथा घाँस विकास कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८. स्थानीय स्तरमा पशु सेवा विस्तारको लागि आवश्यक व्यवस्था मिलाइनेछ । पशु सेवा प्रसार कार्यक्रमका लागि रकम विनियोजन गरेको छु ।

९. मत्स्य उत्पादकत्व वृद्धि गर्नको लागि निःशुल्कमा माछाका भूरा वितरण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०. पशुपंक्षीको विकासको लागि समग्रमा **रु. ३० लाख** विनियोजन गरेको छु।

**स्वास्थ्य तर्फः**

१. "**सुरक्षित मातृत्वः सुनिश्चित जीवन**" भन्ने गाउँपालिकाको आकाङ्क्षाका साथ उपाध्यक्षसँग गर्भवती र सुत्केरी पोषण तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिने प्रबन्ध गरेको छु।

२. गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवा विस्तार तथा परीक्षण प्रणालीको विस्तार र सुधारको लागि आवश्यक व्यवस्था गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याब सेवा सञ्चालन तथा व्यवस्थापन गर्न, औजार तथा उपकरणहरु खरिद गर्न तथा बर्थिङ सेन्टरबाट प्रभावकारी सेवा प्रवाह गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३. जेष्ठ नागरिक, पूर्ण अपाङ्ग, गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्नेका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४. गाउँका स्वास्थ्य चौकी वा स्थानीय अस्पताल मार्फत देश भरका विशेषज्ञ डाक्टरहरुसँग परामर्श सेवा लिन टेलिमेडिसन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५. एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्न, स्वास्थ्य संस्थामा पोषण कर्नर व्यवस्थापन गर्न तथा सुरक्षित मातृत्व तथा परिवार योजना सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।
६. नेपाल सरकारले निःशुल्क रुपमा प्रदान गरेका औषधीहरुको अतिरिक्त गाउँपालिकाले निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको औषधिहरुको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
७. आयुर्वेद स्वास्थ्य सेवा प्रवर्द्धन तथा विस्तारका लागि रु. ४ लाख विनियोजन गरेको छु ।
८. समग्रमा स्वास्थ्य क्षेत्रको विकासको लागि रु. ४० लाख विनियोजन गरेको छु।

**शिक्षा तर्फः**

१. सहिदभूमि गाउँपालिकाको स्थानीय पाठ्यक्रम **"सहिदभूमि गाथा"** अनुसार पाठ्यक्रम लेखन तथा छपाईको लागि आवश्यक रकम विनियोजन गरेको छु।
२. शैक्षिक गुणस्तर सुधारमा सहयोग पुर्याउन कक्षा- ८, एस.इ.इ. र कक्षा १२ को अन्तिम परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थी प्रोत्साहन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
३. स्थानीय भाषाको संरक्षण, संवर्द्धन तथा प्रोत्साहन गर्नका लागि मातृभाषा शिक्षण कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक विनियोजन गरेको छु।
४. बालविकास, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालकहरुका लागि स्थानीय तहबाट थप हुने गरी आवश्यक रकम विनियोजन गरेको छु।
५. गाउँपालिकाका विद्यार्थीहरुलाई **प्राविधिक विषय अध्ययन प्रोत्साहन** गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ । सोका लागि विज्ञान विषय अध्ययन प्रोत्साहन कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६. शिक्षकहरुको पेशागत विकास, क्षमता विकास तालिम तथा कार्यशालाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
७. विद्यार्थी दिवा खाजा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
८. विद्यालयको आन्तरिक व्यवस्थापन र शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न प्रभावकारी अनुगमन नियमनको आवश्यक व्यवस्था मिलाईनेछ।
९. ह्युमन प्राक्टिस फाउण्डेसन (HPF) सँगको सहकार्यमा विद्यालय पूर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
१०. उत्कृष्ट विद्यालयमा अपनाइएका विधि, पद्धति र नवाचारहरु प्रत्यक्ष अवलोकन मार्फत शिक्षा र सिकाइमा गुणात्मक सुधार गर्न अध्ययन अवलोकन भ्रमण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।
११. समग्रमा शिक्षा विकास कार्यक्रम तर्फ रु.१ करोड ५२ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

**सहकारी तर्फः**

१. सहकारी संस्थाहरुको व्यवस्थापन अभिमुखिकरण, अन्तर्क्रिया तथा छलफलको लागि आवश्यक बजेट व्यवस्थापन मिलाइनेछ।

**युवा तथा खेलुकद तर्फ :**

१. युवा तथा खेलकुद क्षेत्रको सशक्तिकरण, प्रतिभा पहिचान र स्थानीय खेल संस्कृतिको प्रवर्द्धन गर्दै "स्वास्थ्य जीवनशैली, समावेशी सहभागी र सामाजिक एकता" को आधार मानेर चालु आर्थिक वर्षमा खेलकुद पूर्वाधार निर्माण तथा खेलकुद प्रवर्द्धन कार्यक्रममा रु. ४० लाख विनियोजन गरेको छु।

**रोजगार कार्यक्रम तर्फः**

१. राष्ट्रिय रोजगार कार्यक्रम गाउँपालिका साझेदारी तर्फ रु. १० लाख विनियोजन गरेको छु ।

**उद्यम विकास तर्फः**

१.साना तथा घरेलु उद्योग प्रवर्द्धन, स्तरोन्नति, प्रविधि हस्तान्तरण, सीप विकास तालिम, उद्यमशिलता विकास लगायतका तालिममा आवश्यक बजेट विनियोजन गरेको छु।

**पर्यटन तर्फ** :

१. खुवालुङ्ग र चेपलुङ्ग पार्कलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न होमस्टे व्यवस्थापन, पदमार्ग निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

२. पर्यटन पूर्वाधार विकास र पर्यटन प्रवर्द्धन गर्न ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको दिगो संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**पूर्वाधार विकास तर्फः**

१. **गाउँसभा सदस्य विकास कार्यक्रम** अन्तर्गत प्रति गाउँसभा सदस्य एक लाखको कार्यक्रम सञ्चालन गर्नको लागि रु. ३७ लाख विनियोजन गरेको छु।यस कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार सम्बन्धी आयोजना सम्बन्धित गाउँसभा सदस्यले छनौट गरेपछि कार्यान्वयन हुने व्यवस्था गरेको छु।

**सडक पूर्वाधार** :

२. संघीय सरकारको समपुरक अनुदान अन्तर्गत पिप्ले-लुघुंग-राईघाट ग्रामिण सडक आयोजना कार्यान्वयनका लागि रु. १ करोड २० लाख विनियोजन गरेको छु ।

३. प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत कार्यान्वयन हुने सुकेआहाल-माम्फिङ-माङतिङ्ग सडकको लागि रु १ करोड र पञ्चकन्या कोग्लाङ्ग वस्ती सडक आयोजनाको लागि रु. १ करोड ७ लाख विनियोजन गरेको छु ।

४. स्थानीय सरकार मार्फत सञ्चालन गरिने सडक योजनाका लागि रु. ९० लाख विनियोजन गरेको छु।

**भवन तर्फः**

१. छिन्ताङ्ग - साम्बुगाउँ (कागुने) स्वास्थ्य चौकी भवन निर्माणका लागि रु.१ करोड ४५ लाख विनियोजन गरेको छु।

२. ल्याण्डफिल्ड साइट निर्माणका लागि रु ८५ लाख विनियोजन गरेको छु। स्थानीय सरकार मार्फत सञ्चालन गरिने भवन योजनाका लागि रु.८० लाख विनियोजन गरेको छु।

**सिंचाई तर्फः**

१. संघ, प्रदेश, स्थानीय तह, स्वीस सरकार र उपभोक्ता समितको साझेदारीमा सम्पन्न गर्ने गरी साना सिंचाई कार्यक्रम अन्तर्गत क). डुम्वुरवोटे सिँचाइ आयोजना अन्तर्गत रु. ३२ लाख ९ हजार र

ख). राइकार गुठी लाजाने सिंचाई योजनाका लागि रु. ३९ लाख ६१ हजार रुपैंया विनियोजन गरेको छु।

२.सिंचाइ प्रणाली निर्माण तथा मर्मत संभारका लागि रु. ४ लाख विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँसभा सदस्यज्यूहरू,**

अब म आर्थिक तथा सामाजिक रुपले पछि परेका महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाती लगायतका लक्षित समुदाय तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

महिलाहरुको हक अधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयन गर्न, क्षमता विकास र सशक्तिकरण गर्न, लैङ्गिक र घरेलु हिंसा नियन्त्रण गर्न तथा उद्यमशिलता प्रवर्द्धन गरी समतामूलक समाज निर्माण गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

१. लैङ्गिक हिंसा, घरेलु हिंसा तथा कुरिती विरुद्धको कानूनी सचेतना कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
२. महिला समूहहरुलाई प्रविधी हस्तान्तरण कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेको छु ।
३. प्रजनन स्वास्थ्य तथा पोषण कार्यक्रम, एकल महिला लक्षित कार्यक्रम, जे.सी. परीक्षण तथा महिला समूहहरुको सीप विकास कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
४. महिला विकास तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

५. बाल क्लव/ बाल सञ्जाल गठन, अतिरिक्त क्रियाकलाप तथा बाल विवाह विरुद्धको अभियान सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
६. आदिवासी जनजातीहरुको लागि सीप विकास तालिमका आवश्यक विनियोजन गरेको छु ।
७. **"सु-संस्कार हाम्रो पहिचान : बृद्ध बृद्धालाई सम्मान"** भन्ने नाराका साथ जेष्ठ नागरिकहरुको योगदान र भूमिकाको सम्मान तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्र सुदृढीकरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
८. दलित समुदायका लागि सचेतना एवम् आयआर्जन मूलक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
९. अपाङ्गता भएका व्यक्तिहरुको लागि निःशुल्क स्वास्थ्य जाँच शिविर एवम् निःशुल्क छात्र वृत्तिको व्यवस्था गरिनेछ।

१०. सहिदभमि गाउँपालिकाको आदिवासी तथा अन्य विभिन्न जातजातीहरुको परम्परा देखि चलि आएको ज्ञान, सिप, कला, संस्कृतिको संरक्षण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११. महिला, बालबालिका आदिवासी जनजाती, दलित, पछाडी परेका वर्ग तथा समुदायको समावेशीकरण तथा लक्षित कार्यक्रमको **लागि रु.** ३९ लाख ६ हजार ६ सय १३ विनियोजन गरेको छु।

**विपन्नसँग अध्यक्ष कार्यक्रम तर्फ**

१. यस गाउँपालिका भित्र आर्थिक, सामाजिक रुपले जोखिममा रहेका विपन्न परिवारहरुको समस्या पहिचान, सम्बोधन तथा निराकरण मार्फत जीवन स्तरमा गुणात्मक सुधार गर्न एवम् भौतिक पूर्वाधार तर्फका आयोजना तथा कार्यक्रमहरु आवश्यकता अनुसार स्थानीय कानून बमोजिम छनौट गर्दै कार्यान्वयन गर्नको लागि रु. ४० लाख विनियोजन गरेको छु।

**वन, वातावरण तथा जैविक विविधता संरक्षण तर्फ**

१. वन, वातावरण, जैविक विविधता ,भू-संरक्षण एवं विपद् जोखिम न्यूनिकरणका **लागि रु.** ४ लाख बजेट विनियोजन गरेको छु।

२. "फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण योजना" अन्तर्गत वातावरण तथा फोहोरमैला व्यवस्थापन शीर्षकमा रु. ४ लाख विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**
**गाउँ सभा सदस्यज्यूहरु,**
**संस्थागत विकास ,सेवा प्रवाह र सुशासन**

१. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास तथा अन्य स्थानीय तहमा भएका भएका असल अभ्यासहरुको अध्ययन गर्न अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२. गाउँपालिकाले सेवा करारमा लिएका जनशक्ति, कृषी तथा पशु सेवामा कार्यरत कृषी स्नातक र एक गाउँ एक कृषी तथा पशु प्राविधिक तथा सेवा करारमा भएका जनशक्तिलाई निरन्तरता दिएको छु ।

३. गाउँपालिकामा करार सेवामा कार्यरत रहेका कर्मचारीलाई सामाजिक सुरक्षा कोष प्रणालीमा आवद्ध गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४. न्यायिक समिति सचिवालय व्यवस्थापन एवं क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

५. भूमि समस्या समाधान अन्तर्गत भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६. मानव संशाधन विकास, सेवा प्रवाहमा सूचना प्रविधीको प्रयोग तथा विस्तारको आवश्यक व्यवस्था मिलाइनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७. पूँजीगत अनुसन्धान तथा विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८. उपभोक्ता समितिको दीर्घकालिन विकल्पको रुपमा टोल विकास संस्थालाई गठन तथा परिचालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु।

९. सार्वजनिक उत्तरदायित्व तथा जवाफदेहिता प्रवर्द्धन गर्नका लागि सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**

**गाउँ सभा सदस्यज्यूहरु,**

१. अब म आगामी आर्थिक वर्ष २०८२/०८३ मा यस गाउँपालिकालाई प्राप्त हुने स्रोत र सोको विनियोजन बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

आगामी आर्थिक बर्षका लागि कूल रकम रु ४८  करोड ७० लाख ५२ हजार ६ सय १३ बिनियोजन गरेको छु । जसमध्ये,

१. सङ्घीय सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फबाट रु. ८ करोड २५ लाख,

२. सङ्घीय सरकार राजस्व बाँडफाँडबाट रु ८ करोड १० लाख ३६ हजार ६ सय १३ ,

३. सङ्घीय सरकार सशर्त अनुदान (चालु र पूँजीगत) तर्फबाट रु २२ करोड ४३ लाख,

४. सङ्घीय सरकार विशेष अनुदान तर्फबाट रु २ करोड ३० लाख,

५. सङ्घीय सरकार समपुरक अनुदान तर्फबाट रु ८४ लाख,

६. प्रदेश सरकारको समपुरक अनुदान तर्फबाट रु १ करोड ४० लाख,

७. प्रदेश वित्तीय समानीकरण अनुदान तर्फबाट रु ७५ लाख ५ हजार,

८. सवारी साधन कर बाँडफाँड (प्रदेश) बाट रु ५० लाख ८५ हजार,

९. शसर्त अनुदान (प्रदेश) बाट रु ३९ लाख २६ हजार,

१०. सहिदभूमि गाउँपालिकाको आन्तरिक आयको राजस्व अनुमानबाट रु ६३ लाख र अन्य आय तर्फबाट रु १० लाख,

११. आ.ब.२०८१/०८२ मा खर्च हुन नसकी नगद मौज्दात बाँकी रहन सक्ने अनुमानित रकमबाट रु. ३ करोड प्राप्त हुने अनुमान समेत यसै बजेटमा समावेश गरेको छु ।

## व्ययको अनुमान

| ख. आर्थिक वर्ष २०८२/०८३ को व्ययको अनुमान | | | |
|---|---|---|---|
| क्र.सं. | शिर्षक | आर्थिक वर्ष २०८२/०८३ को अनुमानित | अक्षरमा |
| १ | चालु तथा प्रशासनिक खर्च (वडा कार्यालय समेत) | ७५,०००,००० | रु. ७ करोड ५० लाख |
| २ | समपुरक कोष | १०,३७०,००० | रु. १ करोड ३ लाख ७० हजार |
| ३ | आकष्मिक व्यवस्थापन कोष | ३००,००० | रु. ३ लाख |
| ४ | साझेदारी बजेट | | रु. १ करोड २१ लाख |
| ४.१ | ह्युमन प्राक्टिस फाउण्डसेन साझेदारी | ७,०००,००० | |
| ४.२ | SIP परियोजना साझेदारी | १,६००,००० | |
| ४.३ | अपाङ्गता पुनर्स्थापना साझेदारी | १,५००,००० | |
| ५.४ | राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी | १,०००,००० | |
| ५.५ | अन्य भौतिक पुर्वाधार साझेदारी | १,०००,००० | |
| ७ | मर्मत संभार कोष | १,०००,००० | रु. १० लाख |
| ८ | कृषि विकास शाखा | ३,०००,००० | रु. ३० लाख |

| | | | |
|---|---|---|---|
| ९ | पशु पंछि विकास शाखा | ३,०००,००० | रु. ३० लाख |
| १० | सिंचाई प्रणाली निर्माण तथा मर्मत सम्भार | ४००,००० | रु. ४ लाख |
| ११ | घरेलु साना तथा उद्योग प्रवर्द्धन | ४००,००० | रु. ४ लाख |
| १२ | सहकारी शाखा | ४००,००० | रु. ४ लाख |
| १३ | पर्यटन पुर्वाधार तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | २,०००,००० | रु. २० लाख |
| १४ | स्वास्थ्य शाखा | ४,०००,००० | रु. ४० लाख |
| १५ | आयुर्वेद तथा आरोग्यता प्रवर्द्धन | ४००,००० | रु. ४ लाख |
| १६ | शिक्षा, युवा तथा खेलकुद शाखा | १५,२५०,००० | रु. १ करोड ५२ लाख ५० हजार |
| १७ | खानेपानी तथा सरसफाई | ३,०००,००० | रु. ३० लाख |
| १८ | भाषा, संस्कृति र ललितकला प्रवर्द्धन | ५००,००० | रु. ५ लाख |
| २१ | विपन्नसँग अध्यक्ष कार्यक्रम | ४,०००,००० | रु. ४० लाख |
| २२ | खेलकुद पुर्वाधार तथा प्रवर्द्धन कार्यक्रम | ४,०००,००० | रु. ४० लाख |

| | | | |
|---|---|---|---|
| २३ | महिला तथा वालवालिका शाखा ( महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता कार्यक्रम, आदिवासि जनजाति, दलित लगायत लक्षित वर्ग) | ३,९०६,६१३ | रु. ३९ लाख ६ हजार ६ सय १३ |
| २४ | विपन्न सहायता कार्यक्रम | ५००,००० | रु. ५ लाख |
| २५ | भवन तथा शहरी विकास | ८,०००,००० | रु. ८० लाख |
| २६ | सडक पूर्वाधार | ९,०००,००० | रु. ९० लाख |
| २७ | गाउँसभा सदस्य विकास कार्यक्रम | ३,७००,००० | रु. ३७ लाख |
| २८ | अन्य सार्वजनिक निर्माण तथा मर्मत संभार | ५००,००० | रु. ५ लाख |
| २९ | सार्वजनिक सम्पत्तिको संरक्षण | १,०००,००० | रु. १० लाख |
| ३० | वन, जैविक विविधता संरक्षण तथा जलाधार संरक्षण | ४००,००० | रु. ४ लाख |
| ३१ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ४००,००० | रु. ४ लाख |
| ३२ | विपद् व्यवस्थापन कोष | १,०००,००० | रु. १० लाख |
| ३३ | सूचना प्रविधि | ४००,००० | रु. ४ लाख |
| ३४ | पूँजीगत अनुसन्धान तथा परामर्श | १,०००,००० | रु. १० लाख |

| | | | |
|---|---|---|---|
| ३५ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण | २००,००० | रु. २ लाख |
| ३६ | जनप्रतिनिधि तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम | १,०००,००० | रु. १० लाख |
| ३७ | प्रोत्साहन तथा पुरस्कार | १,०००,००० | रु. १० लाख |
| ३८ | गाउँपालिका क्षेत्र भित्र रहेको बजार क्षेत्र, वडा कार्यालय र स्वास्थ्य संस्थामा सि. सि. क्यामेरा जडान | १,०००,००० | रु. १० लाख |
| ३९ | मध्यमकालिन खर्च संरचना निर्माण | ३००,००० | रु. ३ लाख |
| ४० | गाउँपालिकाको प्रोफाईल निर्माण | ३००,००० | रु. ३ लाख |
| ४१ | सहिदभूमि गाउँपालिकाको आवधिक योजना निर्माण | १,०००,००० | रु. १० लाख |
| ४२ | गाउँपालिकाको लोगो तथा पालिका गान निर्माण | ५००,००० | रु. ५ लाख |
| ४३ | बालमैत्री वडा घोषणा कार्यक्रम | ३००,००० | रु. ३ लाख |
| ४४ | फर्निचर तथा फिक्चर्स खरिद | ५००,००० | रु. ५ लाख |
| ४५ | मेसिनरी औजार खरिद | ५००,००० | रु. ५ लाख |

| | | | |
|---|---|---|---|
| ४६ | घरधुरी अभिलेखीकरण | २००,००० | रु. २ लाख |
| ४७ | टोल विकास संस्था गठन तथा परिचालन | २००,००० | रु. २ लाख |
| ४८ | न्यायिक समिति | १,०००,००० | रु. १० लाख |
| ४९ | वडा स्तरीय योजना | १६,५००,००० | रु. १ करोड ६५ लाख |
| ५० | गाउँपालिका स्तरीय योजना | | |
| ५१ | आर्थिक वर्ष २०८१।०८२ मा सम्पन्न हुन नसकी बाँकी रहेका आयोजनाको भुक्तानी | २०,०००,००० | रु.२ करोड |
| ५२ | समपुरक अनुदान संघ | ८४००००० | रु.८४ लाख |
| ५३ | सशर्त अनुदान संघ | २२४३०००००० | रु. २२ करोड ४३ लाख |
| ५४ | विशेष अनुदान संघ | २३०००००० | रु. २ करोड ३० लाख |
| ५५ | समपुरक अनुदान प्रदेश | १४०००००० | रु. १ करोड ४० लाख |
| ५६ | सशर्त अनुदान प्रदेश | ३९२६००० | रु. ३९ लाख २६ हजार |
| ५७ | विशेष अनुदान प्रदेश | ० | ० |
| | जम्मा | ४८७,०५२,६१३ | रु. ४८ करोड ७० लाख ५२ हजार ६ सय १३ |
| | | | |

**आदरणीय सभाध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

१. चालु आर्थिक वर्ष २०८१/८२ को हालसम्मको कार्यक्रम तथा बजेटको समिक्षाका साथै आगामी आर्थिक वर्ष २०८२/८३ को कार्यक्रम तथा बजेट प्रस्तुत भएसँगै गाउँपालिकाको योजना तथा बजेटको सफल कार्यान्वयन हुनु अति आवश्यक छ। योजना तथा बजेटको कार्यान्वयन गर्दा त्यसको गुणस्तर, पारदर्शिता र जवाफदेहिता पनि सँगै आउने विषय भएकोले गाउँपालिकाको योजना कार्यान्वयनमा यस्ता बिषयलाई ध्यान दिनु पनि उतिकै आवश्यक छ।यस्ता चुनौतिहरुलाई पार गर्दै आगामी वर्षको योजना तथा कार्यक्रम सफल बनाउन गाउँसभा सदस्य, कर्मचारी वर्ग र स्थानीय उपभोक्ताहरुको भूमिका महत्वपूर्ण हुने भएकोले सोही बमोजिम यहाँहरुको सहयोगको अपेक्षा गरेको छु।

२. विकासका लागि भएको खर्चको प्रगति भन्दा पनि विकासले आम नागरिकको जनजीविकामा कति सकारात्मक प्रभाव पर्यो भन्ने विषय महत्वपूर्ण हुन्छ। त्यसैले विकासबाट प्राप्त लाभहरुको समन्यायिक ढंगले वितरण मार्फत सामाजिक न्याय कायम गर्दै यस गाउँपालिकाको दीर्घकालिन सोच **"सहिदभूमिको समृद्धिः शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"** लाई आत्मसाथ गरी समृद्ध सहिदभूमि बनाउने स्थानीय सरकारको अभियानमा राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, पेशागत संस्थाका महानुभावहरू, शिक्षक, पत्रकार लगायत सम्पूर्ण गाउँपालिका बासीमा सहकार्य र सहयोगको अपिल गर्दछु।

**अन्त्यमा,**

**दोस्रो गाउँसभाको सातौं अधिवेशनको दोस्रो बैंठकको** यस विशेष अवसरमा गाउँसभाका सदस्यज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारी वर्ग, सञ्चारकर्मी, विभिन्न पेशा, क्षेत्र र समुदायबाट प्रतिनिधित्व गर्नुहुने महिला तथा सज्जन बृन्दमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

जय सहिदभूमि

धन्यवाद !

ईति सम्वत् २०८२ असार १० गते

नेपाल संवत् ११४५ तछलागा चतुर्दशी।